# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (अठारौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७८।०३।२७ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आठौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर ५३ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख,**

माननीय सदस्यहरू, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, वजेट ल्याउन धेरै समय छैन। अब अहिले मुख्यमन्त्रीले बोल्ने क्रम पनि छ। त्यो बोल्ने क्रममा माननीयले उठाएका कुराहरु त्यहाँ सम्वोधन गर्नु हुन्छ। यो तपाईंहरु बसेर सदन खोल्नको लागि सहयोग गर्न म आग्रह गर्दछु। माननीय सदस्यहरु, समयलाई ख्याल गर्दै आजको सदन सञ्चालन गर्नका लागी विशेष सहयोग गर्न म विशेष विनम्र अनुरोध गर्दछु।

माननीय सदस्यहरु, बस्नको लागि म विशेष अनुरोध गर्दछु, किनकि बजेट पास गर्ने समय धेरै घर्केर गईसकेको छ त्यसकारण सहयोग गरेर जे माननीयले माग गर्नु भएको छ त्यो सम्वोधन गर्दै त्यो आधिकारिक हिसाबले जे डकुमेण्ट माग्नु भएको छ। त्यो पनि समयमा उपलब्ध हुन्छ भन्ने म विश्वास दिलाउँदै आजको सदन सञ्चालन गर्नको लागी म विशेष अनुरोध गर्दछु। माननीय सदस्यहरु, प्रतिपक्षको दलको तर्फबाट सदन अवरुद्ध रहेको र यो वैठक प्रतिपक्ष दलको अबरोध रहँदा रहँदै अगाडि बढाउन त्यति वाञ्छनिय नभएको हुनाले माननीय सदस्यहरू अब यो वैठक मिति २०७८ साल असार २८ गते बिहान ११ बजेसम्मको लागि स्थगित हुन्छ।